# गाउँ सभाको १६ औ अधिवेशनमा गाउँपालिका अध्यक्ष श्री शेर बहादुर सुनुवारद्धारा प्रस्तुत आर्थिक वर्ष २०८१/२०८२ को उमाकुण्ड गाउँपालिकाको नीति तथा कार्यक्रम

उमाकुण्ड गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप

बागमती प्रदेश, नेपाल

२०८१/०३/०९

गाउँ सभाका सदस्यज्यूहरु,

उमाकुण्ड गाउँपालिकाको गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दै गर्दा मैले गौरव महशुस गरेको छु।शुरुमा यस वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा उमाकुण्ड गाउँपालिकाको विकास र समृद्धिको लागि विभिन्न सुझाव दिनु हुने राजनितिक दलका प्रतिनिधिहरू, आम बुद्धिजिवी र सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सरोकारवाला सबै प्रति हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्र तथा गणतन्त्रको सवलीकरण र प्राप्तिको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण महान शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै घाइतेहरूको सिघ्र स्वास्थ्य लाभको कामन गर्दछु।

सुन्दर, समृद्ध र विकसित गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृध्दिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८१/८२ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेका छौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृध्द उमाकुण्ड गाउँपालिका र सुखी उमाकुण्ड वासीको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारीमा विकास गरिने मोडललाई अगाडी बढाईने छ ।

उमाकुण्ड गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, कृषि र पशुपंक्षी क्षेत्रका कार्यक्रमलाई थप प्रभावकारी बनाई यहाँको नागरिकको आर्थिक स्तर अभिवृद्धि गर्ने, गुणस्तरिय शिक्षा प्रदान गर्ने, प्रभावकारी स्वास्थ्य उपचारको प्रवन्ध मिलाउने र दिगो पुर्वाधार विकास सहित स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने यस नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकता रहेको छ।

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः युक्रेन युद्ध र सोबाट विश्वआपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाई समेत प्रभाव पारेको छ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पर्दा स्थानीय तहमा हस्तान्तरण हुने वित्तिय हस्तान्तरण घट्ने क्रम जारी छ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन धेरै संख्यामा युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सवैलाइ गम्भीर वनाएको छ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेका छन । यसबाट हाम्रो गाउँपालिका पनि अछुतो छैन । यस गाउँपालिकाबाट पनि धेरै युवाहरू रोजगारीको खोजिमा विदेसिदा र विभिन्न बहानामा बसाइसराइ गर्नेको संख्या बढ्दै जाँदा यस गाउँपालिकामा रहेको धेरै उब्जाउ योग्य खेत वारी समेत बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ गाउँपालिका भत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरमा सुविधा प्रदान गरि गाउँ घरको वसाइलाई आकर्षक वनाइ बसाइ सर्ने प्रवृत्तिलाई निरूत्साहित गर्ने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेको छ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलापमार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएको छ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्य छ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउने कार्यालाई अगाडी बढाइने छ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको काममा उमाकुण्ड गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण नागरिकहरु, उद्योगी, ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले शुरू गरेको कार्यलाई निरन्तरता दिँदै शासकीय प्रबन्धमा समेत जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गरि चुस्त र छरितो संगठन संरचना सहित प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइने छ। संघ तथा प्रदेश सरकारबाट प्राप्तअनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्ने र आन्तरिक राजश्व बढाई वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

चुनौतिका पहाड छिचोल्दै उमाकुण्ड गाउँपालिकाको विकास र समृद्धिमा निकै फड्को मार्न सफल भएका छौ । रामेछाप जिल्लाको अति दुर्गम यो गाउँपालिकाको संघीय संरचना निर्माण पुर्वको स्वरूप र हालको स्वरूपमा धेरै भिन्नता महसुस गर्न सकिन्छ ।केहि वर्ष अगाडी सम्म दिर्घकालिन विकासको बाटोको पहिचान समेत नभई सबै किसिमको सेवा सुविधाबाट बञ्चित यस गाउँपालिका बासीले हाल सन्तोषको स्वास फेर्न सक्ने अवस्थाको सृजना भएको छ ।विकास र समृद्धि सपना देखे जस्तो सहज ढंगबाट छोटो समयमा सम्भव हुँदैन त्यसमा पनि हाम्रो जस्तो गाउँपालिकाको विकास र समृद्ध सोचे जस्तो सहज नहुने कुरा सर्वविदित नै छ ।

यस बिचमा धेरै लामो दुरी पार गर्दै गाउँपालिकाको केन्द्र सम्मको सडक कालोपत्रेको सुनिश्चित हुनु, सबै वडाहरूमा नियमित रूपमा सवारी साधन सञ्चालन हुने गरि सडक स्तरोन्नति हुनु, सबै टोल वस्ति सम्म सडकको पहुँच पुग्नु हाम्रो प्रमुख उपलव्धि हो ।

शिक्षा मानव विकासको प्रमुख आधार हो । तसर्थ गुणस्तरिय शैक्षिक जनशक्ति उत्पादन गर्नको लागि उमाकुण्ड गाउँपालिकाले धेरै ठुलो लगानी गरेको छ । यस बिचमा गाउँपालिकाको सबै विद्यालयहरू भौतिक संरचनाको दृष्टिकोणले पुर्ण भएका छन् भने शिक्षालाई प्रविधि मैत्री बनाउनको लागि सबै विद्यालयहरुमा प्रविधिको विकास र विस्तार गरिएको छ । शिक्षण पेशामा संलग्न सबै शिक्षक कर्मचारीलाई प्रोत्साहनको व्यवस्था मिलाइएको छ, भने आगामी दिनमा गुणस्तरिय शैक्षिक जनशक्ति उत्पादनको लागि आवश्यक योजना तर्जुमा गरिने छ ।

गाउँपालिका वासीको सहज स्वास्थ्य उपचार, आर्थिक अवस्था कमजोर भएका विपन्न नागरिकहरूको स्वास्थ्य उपचारमा सहयोग, विपद जन्य घटनाबाट क्षति व्यहोरेका नागरिकहरूको पुनस्थापना लगाएतको काममा उमाकुण्ड गाउँपालिकाले निरन्तर सहयोग गर्दै आएको छ ।

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, उमाकुण्ड गाउँपालिकाको योजना तर्जुमा दिग्दर्शन २०७५ अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट उमाकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकासको लक्ष्य २०३० को मार्गचित्र, उमाकुण्ड गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च संरचना, गाउँपालिकाले कार्यान्वयनमा ल्याएका कानुनी प्रावधान समेतलाई ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याइएको छ ।

गाउँ सभा सदस्यज्यूहरू,
अब म आ. व. २०८१/८२ को विभिन्न विषयगत एवं क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

## आर्थिक विकास क्षेत्र

### १. कृषि तथा पशुपन्छी

- परम्परातग कृषि प्रणालीलाई आधुनिकीकरणयान्त्रिकीकरण एवम् , तरकारी तथा फलफुलको उत्पादकत्व बृद्धि र ,व्यवसायीकरण गर्दै खाद्यान्न व्यवस्थित बजारीकरण गरि गाउँपालिकावासीको आर्थिक अवस्थामा सुधार गर्दै लगिने छ ।
- रैथाने बालीहरुको विउ संरक्षण, खेती विस्तार र बजारीकरणको लागि विशेष प्रबन्ध मिलाइनेछ। गाउँपालिका भ्रमण गर्ने पर्यटकहरुलाई स्थानीय परिकारको ब्राण्डको रुपमा त्यस्तो खाना उपलब्ध गराउने कार्यलाइ प्रोत्साहित गरिने छ ।
- कृषि प्रणालीलाइ आधुनिकिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्न एक वडा एक कृषि उत्पादनको अवकारणा अन्तर्गत तरकारी तथा फलफुल खेतिको पकेट विकास कार्यक्रमहरू सञ्चालन गर्ने, कृषि प्रविधिको विकास गर्ने पुर्वधार तथा यान्त्रीकिकरण कार्यक्रममा अनुदानको व्यवस्था गर्ने कार्यक्रमलाइ प्रभावकारी ढंगबाट अगाडी बढाइने छ
- व्यवसायीक कृषि फर्म, अगुवा कृषक, कृषि सहकारी लगाएतका कृषि क्षेत्रमा आवद्ध व्यक्ति तथा संस्थाहरुको क्षमता अभिवृद्धिका लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

- कृषकको माग र आवश्यकताको आधारमा हिउँदे तथा वर्षे फलफुलको विरूवा, विभिन्न खाद्यान्न वालीहरूको उन्नत विउ विजन र तरकारीको विउ विजन कृषकहरूसँगको साझेदारीमा वितरण गर्ने कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- तरकारी, फलफुल तथा खाद्यान्न वालीको उत्पादकत्व वृद्धि गर्न र आर्ग्यानिक खेति प्रणालीलाइ प्रोत्साहन र विस्तार गर्न कम्पोष्ट मल, जैविक विषादी र वनस्पतिजन्य विषादी सम्वन्धी अभिमुखिकरण तालिम सञ्चालन गरि कम्पोष्ट मल, जैविक विषादी (झोल मल) र वनस्पतिजन्य विषादी उत्पान कार्यमा प्रोत्साहन गरिने छ ।
- उमाकुण्ड गाउँपालिकामा बसोबास गर्ने अधिकांश नागरिकहरूको मुख्य पेशा कृषि नै हो । यहाको अधिकांश नागरिक कृषि पेशामा संलग्न भएता पनि यस गाउँपालिकामा अधिकांश कृषिजन्य वस्तुहरू आयात हुने गर्दछ । तसर्थ कृषि क्षेत्रको योजना कार्यक्रम आयात प्रतिस्थापन गर्न केन्द्रित हुने गरि प्रभावकारी कार्यान्वयन गरिने छ
- पशुपंक्षी पालन व्यवसायलाई आधुनिक व्यवस्थित तथा प्रविधि मैत्री बनाइने छ ।
- पशु धनको सुरक्षाको लागि पशु स्वास्थ्य विमा, खोप, महामारी जन्य रोग नियन्त्रण कार्यको प्रभावकारी व्यवस्था मिलाइने छ । कृतिम गर्भधान सेवा मार्फत नश्ल सुधारमा जोड दिइने छ ।
- संघीय सरकार, प्रदेश सरकार र गाउँपालिकाको साझेदारीमा चौरी, मौरी, माछा वाख्रा र बंगुर पालन व्यवसाय प्रवर्दनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- गाउँपालिकामा दूध उत्पादन गर्ने पशुपालक कृषकहरूले उत्पादन गरेको दूधको बजारीकरणको लागि दूग्ध डेरी र संकलन केन्द्रहरू स्थापना गर्ने र स्थापना भएको डेरी तथा संकलन केन्द्रहरूको व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- गाउँपालिकाको विभिन्न बजार क्षेत्रहरूमा विगविगी रहेको छाडा कुकुरहरूको बन्ध्याकरण गर्ने कार्य अगाडी बढाइने छ । पशुपंक्षीको उपचारलाई थप प्रभावकारी बनाउन र समय समयमा देखिने महामारीजन्य रोगहरू को नियन्त्रणको लागि खोप शिविर सञ्चालन गरिने छ ।
- उन्नत किसिमको घाँसको खेति गर्न कृषकहरूलाई प्रोत्साहित गरिने छ । त्यसको लागि कृषकहरूसँगको साझेदारीमा ८० प्रतिसत अनुदानमा घाँसको विउ, वेर्ना वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिइने छ ।

- गाउँपालिकामा बसोबास गर्ने अति विपन्न परिवार छनोट गरि ति परिवारको जिविकोपार्जनको लागि विभिन्न पशुपालन व्यवसायमा आवश्यक अनुदानको व्यवस्था गर्ने कार्यक्रमको सुरुवात गरिने छ ।
- पशुपालन व्यवसाय प्रवर्दनको लागि कृषकहरुसँगको साझेदारीमा सञ्चालन भइरहेको अनुदानको कार्यक्रमहरुलाई निरन्तरता दिई त्यसलाई प्रभावकारी बनाईने छ ।
- संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भएको ससर्त तथा अन्य अनुदानको प्रभावकारी कार्यान्वयन गरिने छ ।

२. उद्योग, पर्यटन तथा सहकारी

- व्यवसायीक सीप विकास मार्फत गाउँपालिकामा पहिचान भएका उद्यमीहरूलाइ प्राविधिक सहयोग तथा उद्यम विकास मोडलमा नयाँ घरेलु उद्यमी सृजना गरि सम्भाव्य उत्पादनको लागि प्रविधि हस्तान्तरण गरिने छ । नयाँ लघु उद्यमीहरूको आवश्यकता पहिचान सहित सीप विकास तालिम प्रदान गरि स्थानीय स्तरमा रोजगारीको सृजना गरिने छ ।
- गाउँपालिका भित्र सञ्चालनमा रहेका लघु, घरेलु, साना उद्योग, कृषि, पशु समूह, फार्महरूमा उपयुक्त प्रविधिको प्रयोगलाइ जोड दिइ उत्पादन वृद्धि गरि लागत मुल्य घटाउन आवश्यक सहयोगको कार्यक्रमहरू अगाडी बढाइने छ ।
- उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।
- गाउँपालिका भित्र सृजना भएका लघु उद्यमीहरूद्धारा सञ्चालित लघु उद्यमको अवस्थाको पहिचान र विश्लेषन गरि आवश्यकताको आधारमा स्तरोन्नति कार्य गरिने छ ।
- उमाकुण्ड गाउँपालिका भित्र रहेका कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी व्यवसायीबाट उत्पादित विभिन्न उत्पादन मुलक वस्तुहरूको वजार प्रवार्दन गर्न गाउँपालिका स्तरमा कोशेली घरको अवधारणा मार्फत उत्पादित वस्तुको बजारीकरण गर्ने आवश्यक प्रवन्ध मिलाइने छ ।
- गाउँपालिकाको मुख्य पर्यटकिय क्षेत्रहररूमा पर्यटकिय पुर्वाधार निर्माण कार्यलाइ तिव्रता दिइने छ आर्थिक वर्ष २०८१/२०८२ मा पर्यटकिय क्षेत्र ताँमेमा पर्यटकिय संरचना निर्माण कार्य सम्पन्न गरिने छ, त्यस बाहेक अन्य स्थानमा निर्मानाधिन पर्यटकिय संरचना समेत समय सिमा भित्रै सम्पन्न गरिने छ ।
- गाउँपालिकामा सञ्चालन हुने एक वडा एक कृषि उत्पादन कार्यक्रम र विभिन्न वाली वस्तुहरूको पकेट क्षेत्रलाइ समेत पर्यटन केन्द्रको रूपमा विकास गरिने छ ।

➢ गाउँपालिकाको केन्द्र लगाएत अन्य विभिन्न स्थानहरूमा पर्यटकिय संरचना निर्माण गर्ने कार्यको थालनि गरिने छ ।

➢ नुम्वुर चिज सर्किटलाइ थप फराकिलो र व्यवस्थित गरि यसको प्रचार प्रसारमा जोड दिइने छ ।

➢ सहकारीमा लगानी गर्ने गाउँपालिकावासीको लगानीको सुरक्षाको लागि सहकारी संस्थाहरूलाइ जिम्मेवार बनाइने छ । सहकारी संस्थाहरू प्रतिको नागरिकको गुनासो सुनुवाइ गर्न आवश्यक संरचना निर्माण गरिने छ ।

➢ उमाकुण्ड गाउँपालिकाको तर्फबाट संघीय सरकार प्रदेश सरकार र अन्य स्थानीय तहहरू सँग समन्वय, सहकार्य र साझेदारी गरी उमाकुण्ड गाउँपालिकाको पर्यटन गुरूयोजनाले निर्दिष्ट गरेको योजना कार्यक्रम कार्यान्वयनको आवश्यक व्यवस्था मिलाइने छ ।

➢ गाउँपालिका भित्र आयोजना हुने विभिन्न कार्यक्रम तथा महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गरि जातिय पहिचानको प्रवर्दन गर्ने नीति लिइनेछ।

➢ सहकारी संस्थामा हुने गतिविधलाइ ऐन, नियम, नियमावाली बमोजिम गर्न गराउन सहकारी संस्थाहरूको क्षमता विकास र सहकारी शिक्षा दिने व्यवस्था मिलाइने छ। साथै सहकारी लेखा व्यवस्थापन प्रणाली(COPOMIS) सम्वन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।

## सामाजिक विकास क्षेत्र

### १. शिक्षा युवा तथा खेलकुद

➢ आधारभूत तहमा भर्ना भएका विद्यार्थीलाई अनिवार्य र निःशुल्क शिक्षा सुनिश्चित गरी विपन्न लक्षित बालबालिकालाई गाउँपालिकाले शैक्षिक सामग्री सहयोग गरी विद्यालयमा ल्याउने, सिकाउने र टिकाउने व्यवस्था मिलाइनेछ ।

➢ विद्यालयमा अध्ययनरत बालबालिकाको आन्तरिक तथा बाह्य मूल्याङकन प्रणालीलाई प्रभावकारी बनाई विद्यालय तहको परीक्षा निःशुल्क रुपमा संचालन गर्ने व्यवस्था मिलाइनेछ । विद्यालय तहको प्रारम्भिक कक्षा सिकाइलाई विशेष प्राथमिकता दिइ सिकाइ सुधार गरिनेछ ।

➢ विद्यार्थीको सिकाई उपलब्धी सुधार गर्न गाउँपालिकास्तरीय विषयगत शिक्षकहरुको समूह गठन गरी सम्बन्धित विषयमा सिकाई उपलब्धी कमजोर हुनुको कारण खोज अनुसन्धान गरी शिक्षकको पेसागत विकास र बालबालिकाको सिकाइ सुधार गर्न शिक्षक टु शिक्षक कार्यक्रम संचालन गरिनेछ ।

- हाम्रो विद्यालय, हाम्रो जिम्मेवारी भन्ने भावन जागृत गरी विद्यालयमा अध्ययनरत बालबालिकाको सिकाइ सुधार गर्न गाउँपालिकाले सघन रुपमा पिएसटी कार्यक्रम संचालन गरिनेछ ।
- वार्षिक कार्ययोजना, एकाई योजना र दैनिक पाठ योजना निर्माण गरी पूर्व तयारीका साथ कक्षाकोठा प्रवेश गरी अध्यापन गराउने शिक्षकहरुलाई आफनो विषयगत कार्ययोजना शाखामा पेश गर्न लगाई बालबालिकाको सिकाई उपलब्धी परीक्षणको आधारमा उत्कृष्ट नतिजा ल्याउने शिक्षकलाई उचित पुरस्कार सहित सम्मान गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको हस्तलेखन सुन्दर बनाउन बालबालिका र शिक्षकलाई तालिमको व्यवस्था मिलाइनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयमा योग शिक्षक तयार गरी योग शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ । बालबालिकाको सर्वाङ्गिन विकासको लागि इसिए कार्यक्रमलाई अभिन्न अंग बनाइनेछ ।
- विद्यालयमा अध्ययनरत कमजोर विद्यार्थीहरुको सिकाइ सुधार गर्न विद्यालयमा नै उपचारात्मक तथा सुधारात्मक कक्षाहरु संचालन गर्ने व्यवस्था मिलाईनेछ । विद्यार्थी संख्या न्यून भएका विद्यालयहरुलाई नजिकाको सेवा क्षेत्रका विद्यालयसँग मर्ज गरी त्यहाँ कार्यरत् शिक्षक कर्मचारीहरुलाई जनशक्ति आवश्यक भएका विद्यालयमा दरबन्दी मिलान गरी मेघा विद्यालयको अवधारण लागू गरिनेछ ।
- सामुदायिक विद्यालयको शिक्षालाई प्रभावकारी, गुणस्तर र समयसापेक्ष बनाउन गाउँपालिका र विद्यालयबीच कार्यसम्पादन करार सम्झौता भएको हुँदा उक्त कार्यसम्पादन करार सम्झौतामा उल्लेखित सूचकको आधारमा मूल्याङ्कन गरी उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षक कर्मचारी, आधारभूत तथा माध्यमिक विद्यालयलाई सम्मान तथा पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ । साथै कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारी र विद्यालयहरुलाई दण्डित गरिनेछ । विद्यालयको कार्यसम्पादन करार सम्झौतामा उल्लेखित सूचकको मूल्याङ्कन गर्न गाउँपालिकास्तरीय विज्ञ समिति गठन गरिनेछ ।
- सामुदायिक विद्यालयलाई विद्यार्थी सङ्ख्याको आधारमा विद्यालय संचालन तथा व्यवस्थापन खर्च दिने व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत् बालबालिकाको स्वास्थ्य अवस्थालाई ध्यानमा राखी विद्यालय नर्स र स्वास्थ्य संस्थासँग सहकार्य गरी प्रत्येक विद्यालयमा अध्ययनरत बालबालिकाको चौमासिक स्वास्थ्य परीक्षण गर्ने प्रबन्ध मिलाइनेछ ।

- सामुदायिक विद्यालयमा कार्यरत बालविकास केन्द्रका शिक्षक, विद्यालय कर्मचारी, र विद्यालय लेखा सहायक कर्मचारीहरुलाई दिइएको न्यूनतम् सेवा सुविधालाई निरन्तरता दिइनेछ ।
- कक्षा ६ देखि १२ सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थीहरुलाई अभिभावक सँगको साझेदारीमा दिवा खाजा खुवाउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकामा रहेका सामुदायिक सिकाई केन्द्रलाई सीप विकास तथा आयआर्जन सहित उत्पादन केन्द्रको रुपमा विकास गरिनेछ ।
- सिद्धेश्वर शिक्षा पब्लिक क्याम्पस र गाउँपालिका भित्रको सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुमा प्रविधिमैत्री सीप विकास गर्न क्षमता विकासका तालिमहरु सचालन गरी शिक्षकहरु बिदामा रहँदा वा अनुपास्थित हुँदा विद्यालयमा डिजिटल माध्यमबाट पठनपाठन हुने व्यवस्था मिलाइनेछ ।
- शिक्षालाई व्यवसायिक र रोजगारमूलक तथा विद्यार्थीहरुमा उद्यमशील सीप विकास गराउन गाउँपालिकाले संचालन गरेको शैक्षिक उद्यमशीलता कार्यक्रमलाई निरन्तर सहयोग गर्ने व्यवस्था मिलाइनेछ । बाँकी रहेको माध्यमिक विद्यालयमा पनि शैक्षिक उद्यमशीलता कार्यक्रम संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयको शिक्षालाई गुणस्तर र समयसापेक्ष बनाउन गाउँ शिक्षा योजना निर्माण गरिनेछ ।
- हरेक माध्यमिक विद्यालयमा इको क्लब गठन गरी बालबालिकालाई जीवन र प्रकृतिसँगको सम्बन्ध बुझाउँदै विद्यालयमा हरित क्षेत्र निर्माण गरी "ग्रिन स्कुल "अवधारणको नीति लिइनेछ ।
- नमूना विद्यालयका लागि आवश्यक मापदण्ड र पूर्वाधार पुगेको माध्यमिक विद्यालयलाई नमूना विद्यालय निर्माण गर्न माथिल्लो निकायसँग आवश्यक पहल र समन्वय गरिनेछ ।
- गाउँपालिका भित्र रहेका विद्यालयहरुको भौगोलिकता र उपलब्ध सुविधाका आधारमा वर्गीकरण गरी टाढा सेवा क्षेत्रबाट अध्ययन गर्न आउने विद्यार्थीहरुलाई आवासीय रुपमा बस्ने छात्रवासको निर्माण गर्न आवश्यक पहल र समन्वय गरिनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकामा नवप्रर्वतन क्षमताको सीप विकास गराउन गाउँपालिकास्तरीय बृहत विज्ञान तथा गणित प्रर्दशनी कार्यक्रम संचालन गरिनेछ । प्रत्येक माध्यमिक विद्यालयमा आविष्कर क्लब गठन गरिनेछ ।

- सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई सार्वजनिक खरिद, लेखाप्रणाली र जिन्सी सम्बन्धी तालिमको व्यवस्था गरी विद्यालयको आर्थिक सुशासन कायम गर्न गाउँपालिकाले लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।
- विद्यालयमा अध्ययनरत बालबालिकाको नेतृत्व विकास गर्न र बालविवाह तथा लागूपदार्थ दुर्व्यसनी जस्ता सामाजिक विकृति विरुद्ध जनचेतना फैलाउन प्रत्येक विद्यालयका स्काउट र बालक्लवलाई सक्रिया गराइनेछ ।
- उमाकुण्ड गाउँपालिका स्तरीय पाँचौ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- उमाकुण्ड गाउँपालिकाको माध्यमिक विद्यालयहरुमा मार्सल आर्ट तर्फको कराँते, तेक्वान्दो र उसु प्रशिक्षणको लागि आवश्यक व्यस्था मिलाईने छ ।साथै भलिबल कवड्डी र एथ्लेटिक्स खेलको प्रशिक्षणको लागि विद्यालयमा कार्यरत शिक्षकहरु मध्येबाट खेलकुद शिक्षक छनोट गरि तालिमको व्यवस्था गरिने छ ।
- गाउँपालिकाले संचालन गर्दै आइरहेको उमाकुण्ड लिग फुटबल प्रतियोगिता र भलिबल प्रतियोगितालाई निरन्तरता दिइने छ ।
- उमाकुण्ड गाउँपालिका भित्र छरिएर रहेका प्रतिभावान् युवा खेलाडीहरुको पहिचान गरि विधागत खेलहरुमा प्रशिक्षक नियुक्त गरि खेल प्रशिक्षण गराईनेछ ।
- उमाकुण्ड गाउँपालिकाको प्रत्येक वडाहरुमा रहेका निर्माणधिन खेल मैदानहरु आवश्यक प्रकृया पूरा गराई राष्ट्रिय मापदण्ड अनुसारको खेल मैदान निर्माण गरिनेछ ।
- उमाकुण्ड खेलकुद विकास समिति र अन्तर्गतका वडा खेलकुद विकास समितिलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गरि सक्रिय गरिने छ ।

## २. स्वास्थ्य

- आधारभूत तथा गुणस्तरिय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरि टोलटोल र विद्यालयमा गइ स्वास्थ्य कर्मीको प्रत्येक्ष उपस्थितिमा आधारभूत स्वास्थ्य सेवा प्रदान गरिने छ । निशुल्क वितरण गरिने बाहेक स्वास्थ्य सेवासँग सम्वन्धित औषधी तथा सामाग्रीहरु व्यवस्थापन गरि सहुलियतमा वितरण गर्ने नीति लिईने छ ।
- उमाकुण्ड गाउँपालिकाको केन्द्रमा डाक्टर सहितको सुविधा सम्पन्न आधारभूत अस्पताल सञ्चालनमा ल्याईने छ । सबै स्वास्थ्य संस्थाहरुमा अक्सिजन सहितको २ सैयाँको व्यवस्था र ल्याव सहित दक्ष जनशक्तिको व्यवस्था गरिने छ ।

- गाउँपालिका स्तरिय खोप भण्डारण कक्ष निर्माण गरि कर्मचारी व्यवस्थापन गरिने छ। धनुष्टंकर, रेविज, हेपाटाइटिस रोगबाट बचाउन निशुल्क खोप कार्यक्रमलाइ निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरूलाइ प्रोत्साहन गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिने छ। ग्रामिण अल्ट्रसाउण्ड सेवालाइ थप प्रभावकारी बनाउँदै सबै स्वास्थ्य संस्थाहरूमा विस्तार गरिने छ ।
- मानसिक स्वास्थ्य सेवालाइ प्रभावकारी बनाउँदै मानसिक रोगिका लागि आवश्यक औषधी तथा मनोपरामर्श सेवाको सुनिश्चितता गर्दै विभिन्न कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्य सेवा प्रदायकको लागि विभिन्न स्वास्थ्यसँग सम्वन्धित तालिम सञ्चालन गरि क्षमता अभिवृद्धि गर्न पालिका स्तरिय स्वास्थ्य स्किल ल्यावको स्थापना गरिने छ।
- गर्भवति, सुत्केरी महिला र सुनौलो हजार दिनका बालबालिका लक्षित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छ । एम.वि.वि.एस. अध्ययन गर्ने विद्यार्थीहरूको लागि छात्रवृत्तीको व्यवस्था मिलाइने छ ।महिला स्वास्थ्य स्वयमसेविकाहरूको क्षमता अभिवृद्धि र प्रोत्साहनको लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गरिने छ ।
- स्वास्थ्य विमा कार्यक्रमलाइ प्राथमिकता दिदै उमाकुण्ड वासी नागरिकहरूलाइ स्वास्थ्य विमा कार्यक्रममा आवद्ध गरिने छ ।
- मानव स्वास्थ्यलाइ ख्याल राखि खानेपानीको स्वच्छता जाँच गर्ने कार्य अगाडी बढाइने छ।स्वास्थ्य संस्थाहरूबाट निस्कन फोहरमैलाको उचित व्यवस्थापन गरिने छ । सबै स्वास्थ्य संस्थाहरूमा सवारी साधनको व्यवस्थापन गर्ने कार्य अगाडी बढाइने छ ।
- स्वास्थ्य संस्थाहरूलाइ जवाफदेही बनाउन स्वास्थ्य संस्थाहरूको सामाजिक परिक्षण गर्ने कार्य अगाडी बढाइने छ ।बाम्ति आधारभूत अस्पताललाई थप सुदृढ गरिने छ ।
- आम नागरिकहरुको असल खानपान लगाएतका व्यवहार परिवर्तनका लागि असल अभ्यास कार्यक्रम सञ्चालन गरिने छ ।गर्भवति तथा सुत्केरी महिलाहरुको उपचारको लागि निशुल्क एम्वुलेन्स सेवाको व्यवस्था मिलाइने छ ।
- योग ध्यानलाई प्राथमिकता दिदै सम्पुर्ण नागरिक र सरोकारवालाहरुलाई योग ध्यानको अभ्यासमा आवद्ध गर्ने कार्यको सुरूवात गरिने छ

३. **खानेपानी तथा सरसफाइ**

- उमाकुण्ड गाउँपालिकाको सवै वडाहरूको टोल वस्ति र नागरिकको घर घरमा खानेपानी पुर्याउनको लागि संघीय सरकार प्रदेश सरकार र गाउँपालिकाको समेत साझदारीमा खानेपानीको योजना तथा कार्यक्रम तय गरि उपभोक्ता समेतको साझेदारीमा सञ्चालन भइरहेको एक घर एक धारा कार्यक्रमलाइ निरन्तरता दिइ स्वच्छ, गुणस्तरिय र सर्वसुलभ खानेपानीमा सबै नागरिकहरूको पहुँच विस्तार गरिने छ ।
- जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ति श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।
- सडकलाइ फोहर फाल्ने स्थानको रूपमा प्रयोग गर्ने प्रवृत्तिको विकास भइरहेको सन्दर्भमा यसलाइ निरूत्साहित गर्न सडक सरसफाइ सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ। साथै सडक लगाएत अन्य स्थानमा जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।
- टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।
- प्लाष्टिक जन्य फोहोर नियन्त्रण तथा न्यूनिकरण गर्न प्लाष्टिक झोलाहरुको प्रयोगलाई निरुत्साहित गरिने छ।

## ५. लैङ्गिक समानता र सामाजिक समावेशीकरण

- लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिनेछ।
- महिला, बालबालिका, अपांग, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिनेछ।
- ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिनेछ।
- विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइ परिचालन गरिनेछ।
- ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिनेछ।

- गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाइनेछ।
- महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्थालाइ निरन्तरता दिईने छ ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिनेछ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
- हरेक वडामा एउटा बाल उद्यान निर्माण अभियान संचालन गरिनेछ।
- बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिनेछ।
- उमाकुण्ड गाउँपालिकालाइ बालमैत्री स्थानीय तह घोषणा गर्नको लागि आवश्यक कार्य अगाडी बढाइने छ ।
- सामाजिक सुरक्षा कार्यक्रमबाट कोही बञ्चित नहोस भन्ने उद्धेश्यका साथ लाभग्राहीहरूको तथ्यांक संकलन कार्य प्रभावकारी बनाइने छ । समयमा नै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने गरि निकासा प्रणालिलाइ व्यवस्थित छिटो छरितो बनाइने छ । बैंकिङ प्रणाली मार्फत भत्ता वितरण गर्दा देखा परेका समस्या समाधानको लागि सम्वन्धित निकायमा पहल गरिने छ ।
- घटना दर्ता, पञ्जीकरण र सामाजिक सुरक्षा सम्वन्धी कानूनी व्यवस्थाको विषयमा सरोकारवालाहरूको सचेतनाको लागि अभिमुखिकरण कार्यक्रमहरूलाइ निरन्तरता दिइने छ । साथै सामाजिक सुरक्षा भत्ता लाभग्राहीको खातामा सहजै विद्युतिय भुक्तानी प्रणाली मार्फत जम्मा गर्न सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरूको नयाँ इन्ट्रि तथा नविकरण गर्दा राष्ट्रिय परिचयपत्रको माध्यमबाट बायोमेट्रिक भेरिफिकेसन गर्ने कार्य अगाडी बढाइने छ ।

## पुर्वाधार विकास क्षेत्र

- पूर्वाधार निर्माणका आयोजनाहरु संचालन गर्दा लाभ विश्लेषणका आधारमा उच्च नतिजा एवं प्रतिफल दिने, समतामुलक विकासको आधारको रुपमा रहने, पिछडिएका र कम विकसित क्षेत्रलाई मूल प्रवाहिकरणमा ल्याउन सहयोग गर्ने आयोजनाहरु पहिचान गरी सञ्चालन गर्ने नीति लिइने छ ।
- गाउँपालिकाको केन्द्र जोड्ने सडक, मुख्य बजार क्षेत्र रहेको वडा नं २ बाम्ति सम्मको सडक कालोपत्रे गर्ने कार्य र मध्यमार्गी सडक तथा सवै वडाहरूको केन्द्र जोड्ने सडक स्तरोन्नति गर्ने कार्यलाइ उच्च प्राथमिकता दिइने छ ।

- गाउँपालिकामा निर्माण भएको अन्य सडक तथा पुर्वाधारहरू लाभग्राही समुदाय र टोल विकास संस्थाहरूको समेत साझेदारीमा निर्माण तथा स्तरोन्नति गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।
- गाउँपालिकाको विकासमा रुपान्तरणकारी परिवर्तन ल्याउन सक्ने केहि ठुला आयोजनाहरु पहिचान गरी गाउँपालिकाको गौरवको आयोजनाका रुपमा कार्यान्वयन गरिनेछ र त्यस्ता आयोजनामा श्रोतको लागि संघीय सरकार र प्रदेश सरकारसँग साझेदारी गर्ने नीति लिइने छ ।
- भवन निर्माण अनुमति प्रकृयालाई प्रविधिमा आधारित तुल्याई सहजिकरण गरिनेछ।
- गाउँपालिकाको सडक मापदण्डलाई प्रभावकारी कार्यान्वयन गरि सडक छेउछाउमा घर, टहरा निर्माण गर्ने प्रवृत्तिलाइ निरूत्साहित गरिने छ ।अटेर गरि सडक मापदण्ड विपरित घर टहरा निर्माण गर्ने व्यक्ति समुहलाइ कानूनी दायरामा ल्याइने छ ।
- निर्माणाधिन गाउँपालिकाको प्रशासकीय भवन, १० सैयाको बाम्ति आधारभूत अस्पताल भवन र वडा नं ४ को प्राथमिक स्वास्थ्य केन्द्र भवन निर्माण कार्य सम्पन्न गरि सेवा प्रवाहको व्वस्था मिलाइने छ ।
- गाउँपालिकालाई धुवाँ मुक्त बनाउने, ग्याँसको आयात प्रतिस्थापन गर्ने र विद्युत खपत बढाउने योजना अनुरूप विद्युतिय चुलोमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ ।

## संस्थागत विकास तथा सुशासन क्षेत्र

- प्रत्येक महिनाको आय/व्यय लगाएत अन्य गतिविधहरू गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटी तथा वेवसाइटमा प्रकाशित गर्ने नीतिगत व्यवस्थाको प्रभावकारी ढंगबाट कार्यान्वयन गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरि त्यसलाई परिणाममुखी बनाउने कार्य अगाडी बढाइने छ ।
- गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ।सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिने छ ।
- प्रशासन संयन्त्रको उत्प्रेरणाको प्रवर्धन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारीहरुलाई प्रदान गरिदै आएको अतिरिक्त सेवा सुविधालाई समयानुकुल परिमार्जन गरि थप सेवा सुविधा प्रदान गर्ने नीति लिइनेछ।

- सडक फुटपाथमा हुने अव्यवस्थित पार्किङ्ग, निर्माण सामाग्री भण्डारण जस्ता अनाधिकृत प्रयोगलाई निरुत्साहित गर्दै जाने नीति लिइने छ ।
- गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन तयार गरि त्यसको आधारमा चुस्त र प्रभावकारी कर्मचारी व्यवस्थापन गरिने छ ।
- उमाकुण्ड गाउँपालिका र मातहतको निकायबाट प्रवाह हुने सेवालाइ प्रभावकारी बनाउनको लागि सेवा प्रवाहलाइ सूचना प्रविधिसँग जोडी समायानुकुल परिमार्जन सहित छिटो, छरितो र भरपर्दो बनाइने छ ।
- अनावश्यक खर्च कटौति गरि खर्च प्रणालीमा मितव्ययिता कायम गरिने छ, त्यसको लागि गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका २०७९ को प्रभावकारी कार्यान्वयनमा जोड दिइने छ ।
- सार्वजनिक निकायले नियमानुसार गर्नु पर्ने सार्वजनिक सुनुवाइ, सार्वजनिक परिक्षण, मासिक, त्रैमासिक, अर्धवार्षिक, वार्षिक समिक्षा लगाएतको कार्यक्रमहरू सरोकारवालाहरूको उपस्थितिमा नियमित रूपमा गर्ने कार्यलाइ प्रभावकारी ढंगबाट अगाडी बढाइने छ ।
- आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न उपभोक्ताहरु र सरोकारवालाहरुको समेत संलग्नतामा नियमित रुपमा बजार अनुगमन गर्ने कार्यलाइ निरन्तरता दिइने छ ।
- संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।
- न्यायीक समितिबाट प्रवाह हुने सेवालाई थप प्रभावकारी बनाउन र सुशासन प्रवर्दन गर्न नागरिक स्तरमा कानूनी सचेतना लगाएत सेवा प्रवाहसँग सम्वन्धी र अन्य विषयमा सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय प्रदान गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइने छ । न्यायीक समितिमा दर्ता भएको उजुरीहरु चाँडो निरुपण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राखिने छ ।
- उमाकुण्ड गाउँपालिकाले सञ्चालन गर्दै आएको एकिकृत घुम्ति सिविर कार्यक्रमलाई थप सेवा समेत प्रवाह गर्ने गरि व्यवस्थित ढंगबाट सञ्चालन गरिने छ ।
- गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरि करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ।
- गाउँपालिकामा रहेको प्राकृतिक सम्पदाहरुको अध्ययन गरि त्यसको उत्खनन् र प्रयोगबाट वातावरणमा पर्ने नकारात्मक असर कम गरि त्यस्ता

सम्पदाहरुलाई गाउँपालिकाको आन्तरिक श्रोतको रुपमा प्रयोग गर्न आवश्यक व्यवस्था मिलाईने छ ।

- करदाताहरुको अभिलेख चुस्त दुरुस्त राख्दै सबै भन्दा बढि कर संकलन गर्ने वडा कार्यालयलाई उत्कृष्ट वडा घोषाणा गरि पुरस्कृत गर्ने र सबै भन्दा बढि कर बुझाउने करदातालाई उत्कृष्ट करदाता पुरस्कारबाट पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइने छ।
- गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको प्रयोग एवम् संरक्षण गरि त्यस्ता जग्गाहरूलाइ आन्तरिक राजश्वको श्रोतको रूपमा परिचालन गरिनेछ।
- सूचना प्रविधिलाइ सवै नागरिकको पहुँचमा पुर्याउन हाल गाउँपालिकामा उपलव्ध इन्टरनेट सेवाको गुणस्तर वृद्धिको व्यवस्था मिलाइ अन्य इन्टरनेट सेवा प्रदायक कम्पनीहरूबाट समेत सेवा प्रवाहको उपयुक्त वातावरण तयार गरिने छ ।
- गाउँपालिकाले रोजगार नीति बनाइ सम्पुर्ण सूचीकृत वेरोजगार व्यक्तिहरूलाइ न्यूनतम रोजगारी सृजना गरिने छ । त्यसको लागि गाउँपालिकाले सञ्चालन गर्ने योजनाहरूमा समेत सूचीकृत बेरोजगार व्यक्तिहरूलाइ समावेश गर्ने नीति लिइने छ ।
- उद्योग व्यवसाय मार्फत रोजगारी प्रदान गरिरहेका र रोजगारी सृजना गर्ने गरि सञ्चालन गर्ने तयारी गरिरहेको उद्योगी व्यवसायीहरूको प्रोत्साहनको लागि विशेष कार्यक्रम सञ्चालन गरिने छ ।

## वन वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

- जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न आवश्यक कार्यक्रमहरू सञ्चालन गरिने छ ।पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा वातावरणमा पार्ने असर न्यूनिकरणको प्रयास गरिने छ ।
- खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिनेछ ।
- भू सूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिनेछ ।
- विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।
- भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

- विभिन्न विपद जन्य घटनामा परि मानविय भौतिक र अन्य प्रकारको क्षति व्यहोरका नागरिकहरुको पुनस्थापना र जिविकोपार्जनको लागि आर्थिक सहायता प्रदान गर्ने कार्यलाई थप छिटो, छरितो र प्रभावकारी बनाइने छ ।

समृद्धि सबैको सामुहिक प्रयासबाट मात्रै सफल हुन्छ । गाउँपालिकाले अगाडी बढाएको सबै योजना कार्यक्रममा सरोकारवाला सबैको सामुहिक प्रयास भएमा समृद्ध उमाकुण्ड-सुखि उमाकुण्ड वासीको नाराले सार्थकता प्राप्त गर्न धेरै समय कुर्नु पर्ने छैन । तर अझै पनि हामी विकास र समृद्धिको लागि सामुहिक प्रयास गर्ने भन्दा पनि आरोप प्रत्यारोपमा केन्द्रित भइरहेको छ ।यसले गाउँपालिका र गाउँपालिका वासीको समृद्धि र विकासको चाहानामा योगदान गर्दैन भने जसले नेतृत्व गर्यो त्यसको विरोध गर्नुनै पर्ने गलत संस्कारको विकास हुँदै जाने छ । यस तर्फ हामी सबै गम्भिर हुन जरूरी छ ।

अन्तमा नीति तथा कार्यक्रम तयार गर्न सहयोग गर्नु हुने सम्वन्धित सबै पक्षलाइ हार्दिक धन्यवाद व्यक्त गर्दै नीति तथा कार्यक्रमको कार्यान्वयनको लागि सामुहिक प्रयास गर्न उमाकुण्ड वासी सबैमा हार्दिक अपिल गर्दछु ।

धन्यवाद । । ।

श्री शेर बहादुर सुनुवार
गाउँपालिका अध्यक्ष